रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल
स्था:२०७३

## चितवन अन्तरपालिका तेस्रो मेयर कप फुटवल प्रतियोगिता २०८१ प्रतियोगिता नियमावली

### आयोजक : रत्ननगर नगरपालिका

| | |
|---|---|
| नियम १. प्रतियोगिताको नाम | यस प्रतियोगिताको नाम अन्तरपालिका तेस्रो मेयर कप फुटवल प्रतियोगिता हुनेछ । |
| नियम २ आयोजक | रत्ननगर नगरपालिका, चितवन हुनेछ । |
| नियम नं ३ स्थान तथा खेल संचालन मिति | मंसिर ६ देखि मंसिर १५ सम्म<br>नेपाल नमूना मा.वि.को खेल मैदान, र.न.पा- २, चितवन |
| नियम ४. आयोजक समिति | खेलकुद समिति रत्ननगर |
| नियम ५ खेलाडी दर्ता | यस प्रतियोगितामा चितवन जिल्लाका सबै पालिकाहरु / छिमेकी जिल्लाका/ मनहरी गाउँपालिका / गैडाकोट नगरपालिका/ हेटौडा उपमहानगरपालिका स्तरीय टिमहरु सहभागी हुने छन् । |
| नियम नं ६.टोली दर्ता | क)प्रतियोगितामा सहभागीताका लागि रत्ननगर शिक्षा , युवा तथा खेलकुद शाखामा दर्ता गराउनु पर्नेछ ।<br>ख) यस प्रतियोगितामा सहभागी हुने पालिकाको दर्ता शुल्क लाग्ने छैन । |
| निगम नं ७. खेलाडी दर्ता | क) प्रत्येक सहभागी टिमले वढिमा २० जना खेलाडी तथा २ जना प्रशिक्षक र २ जना व्यवस्थापन गरीएको नामावली दर्ता गराउनु पर्ने छ ।<br>ख) यसरी दर्ता भएका खेलाडीहरुले अन्तिम चरण सम्म खेल्न पाउने छन् । |
| नियम नं ८.खेल नियमावली | प्रतियोगितामा प्रत्येक खेल फिफाद्वारा प्रकाशित -Laws Of the Game ) तथा प्रतिगोगिता नक आउटको आधारमा खेलाईने छ । |
| नियम नं ९. खेल अवधि | प्रत्यक खेल ४५।४५ मिनेट गरी २ हाफमा खेलाईने छ । खेलको मध्यान्तरमा १५ मिनेटको विश्राम दिईने छ । |
| नियम नं १० अतिरिक्त समय तथा खेलको निर्णय | क) निर्धारित समयमा खेलको निर्णय हुन नसकेको खण्डमा ट्राई वेकर पद्धतीले निर्णय लिने छ । |
| नियम नं ११. जर्सी कलर र किडल | क) प्रत्येक टोलको आफनै जर्सी सेट , जर्सी नम्वर सहित प्रष्ट हुनु पर्ने छ । साथै दर्ता गरिएको जर्सी नम्वर सहितको जर्सी सम्वन्धीत खेलाडीले मात्र प्रयोग गर्नुपर्नै छ ।<br>ख) गोल किपरले पञ्जा अनिवार्य रुपले प्रयोग गर्नु पर्नै छ । |
| नियम १२. काउन्ट वा रिपोटिङ्ग | प्रत्येक टोलीले खेल सुरुहुनु भन्दा कम्तीमा १घण्टा अगाडि खेल्नै ११ खेलाडी तथा सुरक्षित खेलाडीहरु सहितको फर्म भरी रेफ्रि समितिलाई मैदानमा रिपोर्ट बुझाउनु पर्ने छ । |
| नियम १३. सट्टा खेलाडी | प्रत्येक खेल दौरान कुनै पनि टोलिले ५ सुरक्षित खेलाडीहरु गोल किपर सहित सट्टा खेलाडीको रुपमा खेलाउन सक्ने छ । |
| नियम १४ प्रतियोगिता, रेफ्रि, तथा खेलकुद उपसमितिको काम, कर्तब्य र अधिकार | क) खेलकुद समितिले प्रतियोगिताका प्रत्येक खेल सुचारु रुपले सञ्चालन गर्न प्रतियोगिता सम्वन्धी नियमावली अर्न्तगत आफ्नो अधिकार प्रयोग गर्न पाउने छ र सो सवै टिमहरुलाई मान्य हुनु पर्ने छ ।<br>ख) प्रत्येक खेलको प्रतिवेदन रेफ्रि समिति मार्फत आयोजक समितिमा खेल सम्पन्न भएको २ घण्टा भित्र वुझाउनु पर्ने छ । |
| नियम १५.रेफ्रिको | खेलको दौरान रेफ्रिले लिएको निर्णय अन्तिम मान्य हुने छ तथा कुनै विरोध लाग्ने छैन । |

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल
स्था:२०७३

CamScanner

| निर्णय | |
|---|---|
| नियम १६ ) चेतावनी र निष्काशन: | क) प्रतियोगिता दौरान एउटा पहेलो कार्ड कुनै खेलाडीलाई देखाएको छ भने निजलाई चेतावनी दिईने छ ।<br>ख) प्रतियोगिता दौरान कुनै खेलाडीलाई एकै खेलमा २ पहेलो कार्ड देखाएको छ भने निजलाई चेतावनी दिइनेछ वा सो खेलमा वन्चित गरीनुका साथै खेलाडीको अनुसासन अनुसार एक वा अन्य खेलमा पनि निश्कासन गर्न सकिने छ ।<br>ग) प्रतियोगिता दौरान कुनै खेलाडीले एक पहेलो कार्ड पाई अर्को खेलमा सोही खेलाडीले पहेFnf कार्डका साथै रातो कार्ड पाएमा निज खेलाडीले खेल मैदानवाट निष्काशित हुनुपर्ने छ र आगामी दुई खेल खेल्नवाट वन्चित हुने छ साथै थप आवश्यकता अनुसार अवस्थाको प्रकृति हेरी थप अनुशासकीय कारवाहि समेत गरिने छ । |
| खेल १७.वहिष्कार | कुनै पनि टोलीले प्रतियोगिता दौरान खेल वहिष्कार गर्न पाउने छैन । यदि यसो गरेमा आवश्यक अनुशासनिक कारवाही समेत गरिने छ । |
| नियम १८. स्थगित खेल | कुनै कारण वस खेल स्थगित हुने भएको खण्डमा सो खेल पुन: खेलाउन प्रतियोगित समितिले खेल सुरु हुनु भन्दा कम्तिमा ४ घण्टा अघि सूचना दिने छ र सो सूचना पालिकाहरुलाई मान्य हुनु पर्ने छ । |
| नियम १९ प्रथमिक उपचार व्यवस्था | खेल मैदान खेलअवधिभर कुनै चोट पटक लागेमा वा दुर्घटना भएको खण्डमा त्यस्तो खेलाडीलाई आयोजक समितिले प्राथमिकउपचार मात्र उपलब्ध गराउनेछ ।त्यस भन्दा वाहेक अन्य सम्पूर्ण उपचार खर्च सम्वन्धित पालिकाले नै ब्यवस्था गर्नुपर्ने छ । |
| नियम २० सिल तथा ट्रफी | अन्तरपालिका तेस्रो मेयर कप फुटवल प्रतियोगिता: प्रतियोगितामा विजय हुने पालिकालाई प्रथम क)पुरस्कार २,११,१११। (अक्षरुपि रुपैयाँ दुई लाख एघार हजार एक सय एघार मात्र) सहित प्रमाण पत्र प्रदान गरिनेछ ।<br>ख) दोस्रो १,५१,१११। (अक्षरुपि रुपैयाँ एक लाख एकाउन्न हजार एक सय एघार मात्र ) सहित प्रमाण पत्र प्रदान गरिनेछ ।<br>नोट: पुरस्कारमा नियम अनुसार कर लाग्नेछ । |
| नियम २१ पद तथा प्रमाण -पत्र | प्रथम र दोस्रो हुने टिमका २०।२० खेलाडीहरु र ब्यवस्थापक गरि २४ जनालाई पदक तथा प्रमाण पत्र दिइनेछ । |
| नियम २२ दैनिक भत्ता | ......... |
| नियम २३. दैनिक भत्ता | ............ |
| नियम २४. वादविवाद | प्रतियोगितामा उठेका विवादलाई आयोजक समितिले समाधान गर्नेछ ।<br>र सो सम्वन्धी पालिका वा खेलाडीलाई मान्य हुनेछ । |
| नियम २५. नियमावलीको ब्याख्या | यस नियमावलीमा उल्लेखित नियमहरुको ब्याख्या गर्ने अधिकार अन्तरपालिका तेस्रो मेयर कप सतिमितिमा निहित रहनेछ । |
| नियम २६.संसोधन | यस नियमावलीमा परेका नियमहरुमा संसोधन वा थपघट गर्ने अधिकार अन्तरपालिका तेस्रो मेयर कप समितिलाई हुनेछ । |
| २७ नियम संसोधन | प्रत्येक पालिकालाई जर्सीको कलर खेलकुद समितिले उपलब्ध गराउनेछ र जर्सी स्वयमं पालिकाले नै ब्यवस्था गर्नुपर्नेछ । |
| नियम २८ | खेलाडीहरु आफ्नै नगरपालिका भित्रको हुनपर्नेछ ।<br>आवश्यक कागजपत्रको हकमा सोहि नगरपालिका अथवा सोहि पालिकाको वडा भित्र स्थायी बसोबास गरेको प्रमाणित कागजपत्र (नागरिकता, भोट कार्ड अथवा बसाई सराई आएको |

CamScanner

| | |
|---|---|
| | कागजपत्र ) अनिवार्य रुपमा हुन पर्नेछ । |
| २९.सर्वेपरिता | यस नियमावलीलाई लागु गर्ने सर्वोपरिता अन्तरपालिका तेस्रो मेयर कप २०८१ लाई हुनेछ । |